# चौबिसे गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी, २०७६

स्वीकृत मितिः २०७६ भाद्र ११ गते

(पहिलो संशोधन) - २०८३।०१।२१

चौबिसे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

राजारानी धनकुटा

## एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि,२०७६

१. एम्बुलेन्स सेवा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३ - २०८३।०१।२१

प्रस्तावनाः चौबिसे गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी चौबिसे गाउँपालिकाले देहाय बमोजिमको कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः-** एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | — संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | — सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | — सदस्य |
| (घ) वडा अध्यक्ष | — सदस्य |
| (ङ) कार्यपालिकाको महिला सदस्य | — सदस्य |
| (च) प्रतिनिधि, गाउँपालिका स्तरिय रेडक्रस सोसाईटी | — सदस्य |
| (छ) गा.पा. को स्वास्थ्य शाखा प्रमुख | — सदस्य सचिव |

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधी अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । निर्धारण भएको भाडा वार्षिक रुपमा पुनरावलोकन गर्ने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले *अनुसुची १* बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(ज) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था र कार्यविधि गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(झ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(ट) समितिको सदस्य—सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ठ) एम्बुलेन्स संचालन समितिको काम चित्त बुझ्दो नभएमा गाउँ प्रमुखबाट हेरफेर र नयाँ समिति गठन गर्न सकिने छ ।

**५. एम्बुलेन्स सेवा संचालन सल्लाहकारः** (१) एम्बुलेन्स सेवा संचालन समितिको प्रमुख सल्लाहकारमा एम्बुलेन्स दिने संस्थाको प्रतिनिधि तथा व्यक्तिहरु रहने छ ।

**६. गाउँपालिकाले सेवाको आवश्यक्ता अनुसार वडा स्तरिय वा एक भन्दा बढी वडालाई एक उपसमिति गठन गरि एम्बुलेन्स सेवा संचालन समिति तपशिल बमोजिम रहनेछः-**

| | |
|---|---|
| (क) सम्बन्धित वडाका वडाध्यक्ष | — संयोजक |
| (ख) नजिकको वडाको वडाध्यक्ष | — सदस्य |
| (ग) गाउँपालिका अध्यक्षले तोकेको सम्बन्धित क्षेत्रका कार्यपालिकाको महिला सदस्य | — सदस्य |
| (घ) सम्बन्धित वडाका महिला सदस्य मध्येका एक | — सदस्य |
| (ङ) सम्बन्धित वडाका वडा सचिव | — सदस्य |
| (च) प्रतिनिधि सम्बन्धित वडाका रेडक्रस सोसाइटी | — सदस्य |
| (छ) सम्बन्धित वडाका स्वास्थ्य संस्था प्रमुख | — सदस्य सचिव |

**७. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधी अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) सरोकारवाला तथा अन्य संघहरु विच आवस्यकता अनुसार एम्बुलेन्स वारे समिक्षा बैठक गर्ने ।

(ङ) चालकले *अनुसुची १* बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(च) समितिको कुल सदस्य संख्या मध्ये ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक संस्या पुगेको मानिनेछ ।

(छ) समितिको बैठक सम्बन्धि अन्य व्यावस्था र कार्यविधि गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(ज) समितिको बैठक आवश्यक्ता अनुसार वस्नेछ ।

(झ) गाउँपालिका एम्बुलेन्स व्यवस्थापन समितिले समन्वय गरी काम गर्नेछ ।

(ञ) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावाधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ट) एम्बुलेन्स संचालन समितिको काम चित्त बुझ्दो नभएमा गाउँ प्रमुखबाट हेरफेर र नयाँ समिति गठन गर्न सकिने छ ।

**८. एम्बुलेन्स प्राप्त गर्न सक्नेः**

(क) संघीय सरकार

(ख) प्रदेश सरकार

(ग) राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ निकाय

(घ) व्यक्तिगत

**९. सेवा शुल्क सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले *अनुसुची-१* मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा भुक्तानी गर्नु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई *अनुसुची-४* बमोजिम उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकाको जिन्सी शाखामा निहित रहनेछ।

(५) सेवा दिए बापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(६) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ ।कोषको रकम सामान्यतया नयाँ एम्बुलेन्स खरिद, चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

(७) एम्बुलेन्स सेवाबाट चौबिसे गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरिरहेका गाउँबासी *अनुसुची—५* बमोजिम लाभान्वित हुनेछन् ।

**१०. चालकको नियुक्ती र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले समितिको सिफारिसमा एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता *अनुसुची-२* बमोजिम हुनेछ ।

**११. एम्बुलेन्स रहने स्थान र मर्मत सम्भारः** (१) एम्बुलेन्स चौबिसे गाउँपालिकाले तोकेको पार्किङ्ग स्थलमा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(३) बाटोमा एम्बुलेन्स बिग्रिएमा रु ५००।- सम्म खर्च गरि चालकले आफै मर्मत गर्न सक्नेछ सो भन्दा बढी रु ५०००।-सम्म संयोजकको निर्देशनमा खर्च गर्न सकिने छ ।

**१२. एम्बुलेन्स प्रयोग सम्बन्धी व्यवस्थाः**

(१) एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै प्रयोगकर्ताले कार्यालय/चालक समक्ष पेश गर्नु पर्नेछ ।

(२) चालकले उपदफा (१) बमोजिम कागजात तथा सेवाशूल्क बुझेको हकमा फिर्ता भएको २४ घण्टाभित्र कार्यालयमा बुझाउनु पर्ने छ ।

(३) एम्बुलेन्स प्रयोगको क्रममा बिरामीको मृत्यृ भएमा सो को जिम्मेवारी प्रयोगकर्ता आफै हुनु पर्नेछ ।

१३. विविधः

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण *अनुसुची-३* बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको दुर्घटना बिमाको दायित्व बाहेक अन्य बिमा सम्बन्धी दायित्व बहन गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(४) सवारी चालकले आफु गएको स्थान र बिरामीबारे जानुपूर्व कार्यालय प्रमुखलाई जानकारी दिनुपर्नेछ ।

अनुसूची-१

(कार्यविधिको दफा —९) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)[1]

| सि.नं. | देखि | सम्म | दररेट |
|---|---|---|---|
| १ | कुरुले सहकारी | धरान | ९,०००।- |
| २ | कुरुले सहकारी | विराटनगर | १०,०००।- |
| ३ | फलामेटार | धरान | ९,०००।- |
| ४ | फलामेटार | विराटनगर | १०,०००।- |
| ५ | मानेडाँडा | धरान | ९,५००।- |
| ६ | मानेडाँडा | विराटनगर | १०,५००।- |
| ७ | सोगुम | धरान | ८,५००।- |
| ८ | सोगुम | विराटनगर | ९,५००।- |
| ९ | गढिगाउँ | धरान | ९,०००।- |
| १० | गढिगाउँ | विराटनगर | १०,०००।- |
| ११ | सुक्रबारे | धरान | ८,०००।- |
| १२ | सुक्रबारे | विराटनगर | ९,०००।- |
| १३ | लाफा चोक | धरान | ७,०००।- |
| १४ | लाफा चोक | विराटनगर | ८,०००।- |
| १५ | टोड्के | धरान | ७,५००।- |
| १६ | टोड्के | विराटनगर | ८,५००।- |
| १७ | लाप्से | धरान | ७,०००।- |
| १८ | लाप्से | विराटनगर | ८,०००।- |
| १९ | बुधबारे | धरान | ८,०००।- |
| २० | बुधबारे | विराटनगर | ९,०००।- |
| २१ | सौरे | धरान | ७,५००।-- |
| २२ | सौरे | विराटनगर | ८,५००।- |
| २३ | फेदापजुङ्ग | धरान | ८,५००।- |
| २४ | फेदापजुङ्ग | विराटनगर | ९,०००।- |
| २५ | सानो मुक्तारा | धरान | ७,०००।- |
| २६ | सानो मुक्तारा | विराटनगर | ८,०००।- |
| २७ | ठूलो मुक्तारा | धरान | ७,०००।- |
| २८ | ठूलो मुक्तारा | विराटनगर | ८,०००।- |
| २९ | अठारसय | धरान | ७,५००।- |
| ३० | अठारसय | विराटनगर | ९,०००।- |
| ३१ | आमडाडा | धरान | ८,०००।- |
| ३२ | आमडाडा | विराटनगर | ९,०००।- |

[1] एम्बुलेन्स सेवा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३ द्वारा संशोधित

| सि.नं. | देखि | सम्म | दररेट |
|---|---|---|---|
| ३३ | सोक्रोपा | धरान | ७०००।- |
| ३४ | सोक्रोपा | विराटनगर | ८,०००।- |
| ३५ | ठाडागाउँ | धरान | ७०००।- |
| ३६ | ठाडागाउँ | विराटनगर | ८,०००।- |
| ३७ | साम्मेवा | धरान | ६५००।- |
| ३८ | साम्मेवा | विराटनगर | ७५००।- |
| ३९ | मासिमटार | धरान | ७०००।- |
| ४० | मासिमटार | विराटनगर | ८,०००।- |
| ४१ | आईतबारे | धरान | ६५००।- |
| ४२ | आईतबारे | विराटनगर | ७५००।- |
| ४३ | कोर्ना | धरान | ६५००।- |
| ४४ | कोर्ना | विराटनगर | ७५००।- |
| ४५ | आहाले | धरान | ६५००।- |
| ४६ | आहाले | विराटनगर | ७५००।- |
| ४७ | राजारानी | धरान | ६०००।- |
| ४८ | राजारानी | विराटनगर | ७०००।- |
| ४९ | तिलिगाउँ | धरान | ६५००।- |
| ५० | तिलिगाउँ | विराटनगर | ७५००।- |
| ५१ | सदाम | धरान | ८५००।- |
| ५२ | सदाम | विराटनगर | ९५००।- |
| ५३ | बोधे | धरान | ७०००।- |
| ५४ | बोधे | विराटनगर | ८,०००।- |
| ५५ | डाडाखर्क | धरान | ७५००।- |
| ५६ | डाडाखर्क | विराटनगर | ८५००।- |
| ५७ | हंसेमलुङ | धरान | ७५००।- |
| ५८ | हंसेमलुङ | विराटनगर | ८५००।- |
| ५९ | बज्रमाई | धरान | ८,०००।- |
| ६० | बज्रमाई | विराटनगर | ९०००।- |
| ६१ | डाडागाउँ | धरान | ८,०००।- |
| ६२ | डाडागाउँ | विराटनगर | ९०००।- |
| ६३ | हमेला | धरान | ७५००।- |
| ६४ | हमेला | विराटनगर | ८५००।- |
| ६५ | पोस्तके | धरान | ७५००।- |
| ६६ | पोस्तके | विराटनगर | ८५००।- |
| ६७ | मौनाबुधुक | धरान | ६८००।- |

राज कुमार लिम्बू
अध्यक्ष

| सि.नं. | देखि | सम्म | दररेट |
| --- | --- | --- | --- |
| ६८ | मौनाबुधुक | विराटनगर | ८०००।- |
| ६९ | बुधबारे | डाँडाबजार | ६०००।- |
| ७० | मुढेबास | डाँडाबजार | ५५००।- |
| ७१ | कुरुले ३ नं. | डाँडाबजार | ७०००।- |
| ७२ | कुरुले ४ नं. | डाँडाबजार | ७५००।- |
| ७३ | मौनाबुधुक | डाँडाबजार | ३५००।- |
| ७४ | राजारानी | डाँडाबजार | २०००।- |
| ७५ | बोधे | डाँडाबजार | ५०००।- |
| ७६ | बसन्तटार | डाँडाबजार | ५०००।- |

उल्लेखित स्थानदेखि बाहेक अन्यत्र कच्ची सडकमा जानुपर्ने भए तल उल्लेख दररेट कायम गरिएको छ ।

१. पिचरोड प्रति किलोमिटर

— पहाड — ७५।-

— तराई — ५०।-

२. खण्डस्मीथ (ग्रावेलीङ्ग) प्रति किलोमिटर — १२०।-

३. धुले सडक (कच्ची) प्रति किलोमिटर — १२५।-

अनुसूची २

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन कार्यविधी, २०७५ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ...................................... (नाम) .................................. ठेगान............ ना.प्र.प.नं. .................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं....................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ............. जिल्ला .................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको नामः

दस्तखतः

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको नामः

पदः

दस्तखतः

अनुसूची ३

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ग" वर्गको (Common Life Support(CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

१. First Aid का सामानहरु,

२. Oxygen, Cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,

३. IV Injection दिन सक्ने व्यवस्था,

४. Stecher Cum Board,

५. Stethoscope, B.P. Apparatus, Torchlight,

६. Driver with basic training in first aid and emergent medicine.

अनुसूची ४

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि प्रयोग गरिने नगदी रसिद

चौवसि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

एम्बुलेन्स सेवा प्रयोग बापतको नगदी रसिद

मितिः ..........

रसिद नं ..........

बिरामीको नामः ............................................................................ उमेरः ............

स्थायी ठेगानाः ............................................................................ सम्पर्क नं ......................

सेवा दिइएको स्थानः .................................... देखि ........................................... सम्म

सेवा शुल्कः रु.............................छुट/प्रतिशत रकम.............खुद बुझाउनु पर्ने रकम.........

बुझिलिनेको सहि

बुझाउनेको सहि

(प्रत्येक नगदी रसिदमा जिन्सी शाखा प्रमुखले हस्ताक्षर गरेको हुनुपर्नेछ)

## अनुसूची ५

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

चौबिसे गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गरिरहेका गाउँबासीहरुलाई एम्बुलेन्स सेवामा दिइने विशेष सुविधाहरु

१. अनुसुची १ मा भए बमोजिमको एम्बुलेन्स सेवा शुल्कमा चौबिसे गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने गाउँबासीहरुलाई २० प्रतिशत छुट दिइनेछ साथै ज्येष्ठ नागरिकहरुलाई थप १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

२. चौबिसे गाउँपालिकाभित्र स्थायी बसोबास गरिरहेका गर्भवती महिलाहरुलाई प्रसुति सेवाको लागि सम्बन्धित स्वास्थ्य चौकीबाट रेफर गरेमा गाउँको स्थानबाट जुनसुकै अस्पताल सम्म पुर्याउदा सेवा शुल्कमा ५० प्रतिशत छुट गरिनेछ ।

३. अपाङ्ग भएका व्यक्तिको भाडा दरमा परिचयपत्र तथा अवस्था हेरी थप १० प्रतिशत छुट दिन सकिने छ ।

४. अति गरिब, विपन्न तथा पिछडिएको वर्गका गाउँबासीहरुलाई संचालन समिति वा वडाध्यक्षको सिफारिसमा गाउँपालिका अध्यक्षले अस्पताल सम्म पुर्याउन लाग्ने शुल्क निशुल्क गर्न सकिनेछ ।

५. गाउँबासी ज्येष्ठ नागरिकहरुलाई गाउँको जुनसुकै स्थानबाट उपचार गर्न जानुपरेमा ३० प्रतिशत सम्म छुट दिन सकिने छ ।